सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय
## डीनको कार्यालय, टीकापुर, कैलाली

**कृषि स्नातक तह (B.Sc. Ag.) मा विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति: २०८३/०३/२४ गते

सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, स्कूल अफ एग्रीकल्चर, टीकापुरमा शैक्षिक सत्र २०८३/८४ का लागि स्नातक तह (B.Sc. Ag.) मा नया भर्नाका हुन ईच्छुक विद्यार्थीहरुवाट अनलाइन तथा अफलाइन माध्यमबाट आवेदन फाराम आह्वान गरिन्छ ।

**१. सीट संख्या**

जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० जना रहनेछ ।

जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० जना मध्ये आरक्षित छात्रवृति कोटा २५% (पच्चिस प्रतिशत) रहनेछ ।

**२. आवेदनको लागी न्युनतम शैक्षिक योग्यता :**

प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ मा (विज्ञान/कृषि), तीन वर्षे कृषि तथा पशुविज्ञान, वन विज्ञान, ईन्जिनियरिङ्ग डिप्लोमा वा सो सरहको तहमा न्यूनतम १०० पूर्णाङ्कको अनिवार्य अंग्रेजी (compulsory English), रसायनशास्त्र (Chemistry), जीवशास्त्र (Biology) र पचास (५०) पूर्णाङ्कको गणित (Mathematics) एवं भौतिकशास्त्र (Physics) विषय अध्ययन गरी कुल प्राप्ताङ्कको पैंतालिस प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा 2.00 CGPA प्राप्त गरेको हुनुपर्नेछ ।

**३. प्रवेश परीक्षा शुल्क रु.२५००/- (दुई हजार पाँच सय मात्र) ।**

**४ एकभन्दा बढी आरक्षित कोटाको लागी प्रति कोटा थप रु १०००/- (एक हजार मात्र) का दरले अतिरिक्त शुल्क लाग्नेछ ।**

५ आरक्षित कोटा छनोट गर्दा प्राथमिकताको आधारमा छनौट गर्नु पर्नेछ ।

**६. आवेदन फाराम भर्ने मिति २०८३/०३/२४ गते देखि २०८३/०४/२५ गते सम्म ।**

- प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैंक लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको चल्ती हिसाब खाता नं. १०७००१०६५५३९२५००००१ मा दाखिला गरेको सक्कल बैंक भौचर एवं आवश्यक कागजातहरुको pdf फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम website: agriculture.fwu.edu.np मार्फत online मा भरी पठाउनुपर्नेछ र offline को हकमा कृषि विज्ञान संकायबाट प्रवेश आवेदन फारम प्राप्त गरि सोही कार्यालयमा बुझाउन सकिने छ ।
- Online मार्फत प्रवेश परीक्षा आवेदन फाराम upload गरे पश्चात त्यहाँ confirmation code आउँछ सो confirmation code प्रवेश परीक्षा आवेदन फाराम भर्दा भएका त्रुटी सच्याउन र प्रवेश पत्र प्रिन्ट गर्न आवश्यक पर्ने भएकोले confirmation code सुरक्षित राखी आफ्नो प्रवेश पत्र स्वयम् विद्यार्थीले प्रिन्ट गर्नु पर्नेछ र offline मार्फत प्रवेश परीक्षा आवेदन फाराम भर्ने को हकमा प्रवेश पत्र कृषि विज्ञान संकाय बाट प्राप्त गर्न सकिने छ ।
- प्रवेश परीक्षा दिन आउँदा विद्यार्थीहरुले प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैंक भौचर साथमा ल्याई आउनुपर्नेछ ।
- प्रवेश परीक्षा आवेदन फारम भर्दा upload गर्नुपर्ने/बुझाउनु पर्ने कागजातहरु :
  - SEE को Marksheet, Provisional Character Certificate.
  - १०+२, तीन वर्षे डिप्लोमा वा सो सरहको Transcript, Provisional, Migration र Character Certificate.
  - आरक्षित कोटा छात्रवृतिका लागी सरकारी निकायको सिफारिस ।
  - नेपाली नागरिकता र हालसालै खिचिएको पासपोर्ट साईज फोटो ।
  - सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेको भए सो प्रमाणित हुने सरकारी/स्थानीय निकायको सिफारिस ।
  - विदेशी बोर्डवाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता (Equivalent) पत्र ।
- रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

७ प्रवेश परीक्षा मिति २०८३/०४/३० गते शनिवार बिहान ११:०० बजे स्कूल अफ एग्रीकल्चर, टीकापुर, कैलाली र काठमाडौंमा सञ्चालन हुनेछ र नतिजा प्रकाशन मिति २०८३/०४/३० गते website मार्फत गरिनेछ ।

८. आरक्षित २५% छात्रवृत्तिको व्यवस्था : सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, डीनको कार्यालयद्वारा प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ ।

(क) सुदूरपश्चिम प्रदेश का ९ वटा जिल्लाहरुबाट प्रत्येक १/१ जना गरी जम्मा ९ जना । (सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी (सम्बन्धित जिल्लाबाट SEE वा १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ )

(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला २ जना ।

(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष २ जना ।

(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थायी प्राध्यापक तथा कर्मचारीका श्रीमान्/श्रीमति/छोरा/छोरी माध्येबाट २ जना । (प्राध्यापक तथा कर्मचारीको स्थायी नियुक्ति पत्रको प्रतिलिपि)

(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी २ जना । (मधेशी प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित २ जना । (दलित प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति २ जना । (जनजाति प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानिय २ जना । (टीकापुर ,लम्कीचुहा, भजनी नगरपालिका र जानकी, जोशीपुर गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गरि सम्बन्धित क्षेत्रबाट SEE वा १०+२, तीन बर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ । ।

(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपाङ्ग १ जना । (अपाङ्ग प्रमाणित गरिएको सरकारी निकायको सिफारिस पत्र)

(ञ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना । (नेपाल सरकारले तोकेको पिछडा क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा १०+२, तिन बर्षे कृषि डिप्लोमा वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ )

९. प्रवेश परीक्षको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ ।

१०. SEE १०% (दश प्रतिशत),१०+२ (विज्ञान/कृषि) वा तीन वर्षे कृषि डिप्लोमा १०% (दश प्रतिशत) र प्रवेश परीक्षाको ८०% (असी प्रतिशत) अङ्क भार कायम गरि योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

११. प्रवेश परीक्षामा प्रमाण पत्र तहको syllabus बमोजिम अनिवार्य अंग्रेजी (English)-१४, रसायन (Chemistry)-१४, जीवशास्त्र (Zoology)-१५, बनस्पतिशास्त्र (Botany)-१५, गणित (Mathematics)-१४, भौतिकशास्त्र (Physics)-१४, कृषि तथा पशु विज्ञानका विषयहरु (Agriculture/Animal science)-१० र सामान्य ज्ञान (General Knowledge) बाट ४ प्रश्नहरु समोश गरिनेछ । साथै सबै प्रश्नहरु वस्तुगत हुनेछन् । प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्न हुनेछन् जसका लागि १.५ घण्टाको समय हुनेछ र अङ्कको विभाजन निम्नानुसार गरिएको छ ।

१२. प्रवेश परीक्षा सम्बन्धि थप जानकारिका लागी कृषि विज्ञान संकायको टेलिफोन नं. ९८४९११०४८७, ९८४९६०८३०६, ९८४६२७८१७४, ९८४८२६७४१४ र ०९१-५६०२६५ मा सम्पर्क गर्न वा website :www.agriculture.fwu.edu.np मा हेर्न सकिनेछ ।

प्रवेश परीक्षा शुल्क दाखिलाका लागि बैंकको नाम र खाता नं.

DEAN OFFICE FACULTY OF AGRICULTURE

Terminal : 2222380019668098

Bank Branch : TIKAPUR BRANCH

डिनको कार्यालय
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली

**प्रवेश परीक्षा व्यवस्थापन तथा संचालन समिति**